Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD 2057
25th RAJAT JAYANTI 2082
कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
वर्ष: २६ | अंक: ९६ | वि.सं. २०८३ साउन ३ आइतवार | नेपाल संवत: ११४५, आषाढ शुक्ल पञ्चमी | Sunday 19 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

बर्दिया निकुञ्जमा सवारीको कहर :

## एक बर्षमै ३५ वन्यजन्तुको मृत्यु टाइम कार्ड पनि प्रभावहिन



**◣सरला सुवेदी**
**बर्दिया, २ साउन ।**

बर्दिया राष्ट्रिय निकुञ्जभित्र पर्ने पूर्व-पश्चिम महेन्द्र राजमार्गमा सवारी दुर्घटनाबाट वन्यजन्तु मर्ने क्रम रोकिएको छैन । गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै रम्मापुर चेकपोस्टदेखि चिसापानीसम्मको सडक खण्डमा सवारी साधनको ठक्करबाट ३५ वटा वन्यजन्तुको मृत्यु भएको निकुञ्ज कार्यालयले जनाएको छ ।

निकुञ्जका सूचना अधिकारी तथा सहायक संरक्षण अधिकृत महेश न्यौपानेका अनुसार दुर्घटनामा सबैभन्दा बढी १८ वटा चित्तल मारिएका छन् । त्यस्तै पाँच लंगुर, तीन बाँदर र एक चितुवाको पनि सवारी दुर्घटनामा ज्यान गएको छ । यस बाहेक निर बिरालो, जरायो, सुनगोहोरो, रतुवा मृग, खरायो, न्याउरी मुसा, मयुर र जंगली बिरालोलगायत विभिन्न प्रजातिका वन्यजन्तु गरी कुल ३५ वटा वन्यजन्तु सडक दुर्घटनाको सिकार बनेका हुन् ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा पनि यस्तै दुर्घटनामा ३० वटा वन्यजन्तुको मृत्यु भएको थियो। त्यतिबेला १८ वटा चित्तल र एक गैंडाको बच्चासहित विभिन्न प्रजातिका वन्यजन्तु सवारी दुर्घटनामा मारिएका थिए । पछिल्ला दुई वर्षको तथ्यांकले निकुञ्ज क्षेत्रभित्र सडक दुर्घटनाबाट वन्यजन्तुको मृत्यु बढ्दो चिन्ताको विषय बनेको देखिएको छ ।

वन्यजन्तु जोगाउने उद्देश्यले प्रशासनले निकुञ्जभित्र पर्ने महेन्द्र राजमार्गमा टाइम कार्ड प्रणाली लागू गरेको छ । रम्मापुरदेखि शैनबारसम्मको १४ किलोमिटर तथा अम्रेनीदेखि चिसापानीसम्मको १४ किलोमिटर सडक खण्डमा दुईवटा चेकपोस्टमार्फत सवारी साधनलाई निर्धारित समयमा मात्रै आवतजावत गर्न दिइन्छ । यद्यपि सरकारी सवारी, मन्त्री सवार गाडी, एम्बुलेन्स तथा अन्य अत्यावश्यक सेवाका सवारी साधनलाई भने यो व्यवस्था लागू गरिएको छैन ।

टाइम कार्ड प्रणाली लागू भए पनि दुर्घटना भने उल्लेखनीय रूपमा घट्न सकेको छैन । सूचना अधिकारी न्यौपानेका अनुसार अधिकांश दुर्घटना रातिको समयमा हुने गरेका छन् । राती दृश्यता कम हुने, चालकले पर्याप्त सावधानी नअपनाउने तथा केही सवारी साधन तीव्र गतिमा सञ्चालन गर्ने प्रवृत्तिका कारण वन्यजन्तु दुर्घटनामा पर्ने गरेका छन् ।

उनले चालकहरूलाई निकुञ्ज क्षेत्रभित्र विशेष सतर्कताका साथ सवारी चलाउन आग्रह गर्दै वन्यजन्तुको आवतजावत हुने क्षेत्रमा गति नियन्त्रण र नियमको कडाइका साथ पालना गरिनुपर्ने बताए ।

निकुञ्जका पूर्व वार्डेन रमेशकुमार थापाका अनुसार अम्रेनी-चिसापानी सडक खण्ड घना जंगलभित्र पर्ने र वन्यजन्तुको आवतजावत अत्यधिक हुने क्षेत्र भएकाले दुर्घटनाको जोखिम बढी छ । उनका अनुसार वन्यजन्तु प्राकृतिक रूपमा एक जंगलबाट अर्को जंगलतर्फ आवतजावत गर्ने क्रममा सडक पार गर्दा तीव्र गतिका सवारी साधनको ठक्करमा पर्ने गरेका छन् ।

थापाले दीर्घकालीन समाधानका रूपमा यस क्षेत्रमा वन्यजन्तुका लागि अण्डरपास वा ओभरपास निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए । यस्ता संरचनाले वन्यजन्तुलाई सुरक्षित रूपमा सडक वारपार गर्न सहयोग पुग्ने र दुर्घटनामा उल्लेख्य कमी आउने उनको विश्वास छ ।

बर्दिया राष्ट्रिय निकुञ्जमा सडक दुर्घटनाबाट वन्यजन्तु मारिने घटना नयाँ भने होइन । करिब १० वर्षअघि महेन्द्र राजमार्गअन्तर्गत निकुञ्जको कुँवाभार क्षेत्रमा बसको ठक्करबाट एउटा वयस्क पाटे बाघको मृत्यु भएको थियो । त्यसयता पनि चित्तल, बाँदर, लंगुर, गैंडाको बच्चालगायत विभिन्न दुर्लभ वन्यजन्तु सडक दुर्घटनाको सिकार बन्दै आएका छन् ।

पछिल्लो गणनाअनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा १२५ वटा पाटे बाघ, ३६ वटा गैंडा तथा करिब १२० वटा जंगली हात्ती रहेको

▶▶ बाँकी ३ पेजमा

# कर्णालीमा सत्ता समीकरण बदलिँदा नेकपाभित्र असन्तुष्टि चुलियो



**◣ओम शाही**
**सुर्खेत, २ साउन ।**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरु कर्णाली प्रदेश सरकारमा नेपाली कांग्रेससँग सहकार्य गर्न नुहुने पक्षमा उभिएका छन् । कांग्रेस र नेकपा एमालेको गठवन्धनबाट मुख्यमन्त्री बनेका यामलाल कँडेलविरुद्ध कांग्रेसले नेकपासँग मिलेर अविश्वासको प्रस्ताव दर्ता गराएसँगै शिर्ष तहका नेताहरुले नै असन्तुष्टी देखाएका छन् ।

नेकपाका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टीले सत्ता परिवर्तनको खेलमा नलाग्ने स्पष्ट निर्णय गरिसकेकाले एक वर्षपछि नियमित हुने निर्वाचनमा सत्ता परिवर्तनको खेलमा सामेल हुनु दुखद भएको टिप्पणी गरेका छन् । वरिष्ठ नेता श्रेष्ठले सामाजिक संजालमा पार्टीको केन्द्रीय कमिटीमा भएका निर्णय सार्वजनिक गर्दै प्रदेशको सत्ता समिकरणमा चार विकल्प दिएका छन् ।

नेपाली कांग्रेस र एमाले नै बाँकी समय सरकार संचालन गर्नुपर्ने उनको पहिलो विकल्प छ । यद्यपी, दुवै पार्टीबाट सरकार संचालनमा संयुक्त अनुरोध आएमा अर्को निर्वाचनसम्मका लागि मिलेर सरकार संचालन गर्न समझदारी बनाउन सकिने श्रेष्ठको दोस्रो विकल्प छ । तर, उनले कांग्रेससँगको सहकार्यमा भने जोड दिएका छैनन् ।

उनले भनेका छन्, 'कांग्रेस र एमाले एक आपसमा सरकार संचालन गर्न नसक्ने अवस्थामा पुगेका हुन भने प्रदेशसभा विघटन र तत्काल चुनावको दिशामा घटनाक्रम जान नदिन कुनै एउटा पक्षसँग मिलेर अघि बढनुपर्ने अहिलेको आवश्यकता हो ।' उनले यस्तो अवस्थामा आएमा राष्ट्रिय स्वाधिनता, संविधान एवम् लोकतन्त्रको रक्षा र समग्र नेपाली कम्युनिष्ट आन्दोलनको हितमा कम्युनिष्ट तथा वामपन्थी शक्तिहरुको विरुद्ध कसैसँग सहकार्य वा मोर्चा निर्माण नगर्ने घोषणा गरेका छन् ।

यस्तै, नेकपाका अर्का प्रभावशाली नेता शक्तिबहादुर बस्नतले पनि कर्णाली प्रदेशमा नेपाली कांग्रेससँग मिलेर एमाले विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरिनुलाई हतारोको संज्ञा दिएका छन् । उनले आफ्नो सामाजिक संजालमार्फत भनेका छन, 'प्रदेश सरकारमा सहभागिता जनाउने विषयमा यति धेरै हतारो किन गर्नु परेको होला ?' उनले अहिलको अवस्थामा सत्ताको खिचातानीभन्दा पनि मिलेर अघि बढ्नु पर्ने आवश्यकता औल्याएका छन् ।

नेकपाका प्रभावशाली नेता एवम् कर्णालीका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सरकार फेरबदलमा सक्रियता देखाएपछि बस्नेतले यस्तो टिप्पणी गरहेका हुन् । नेकपा कर्णाली प्रदेश सह-इन्चार्ज टेकबहादुर बस्नेतले पनि प्रदेश सरकारमा सहभागि हुने विषय पार्टीको नीति विपरित भएको टिप्पणी गरेका छन् ।

उनले भने, 'नेपाली कम्युनिष्ट पार्टी पार्टी एकता र सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि बसेको केन्द्रीय कार्य संयोजन समिति बैठकले लिएको निर्णयको मूल स्प्रीडको कटौती गर्दै अस्वभाविक लक्ष्य र तरिका विहिन कर्णाली प्रदेश सरकारमा जाने हतारो पार्टीलाई केन्द्रीय कार्यालयसँग समन्वय भैरहेको हवालाले पनि पार्टीको मूलस्प्रीड मारेको छ ।' उनले सरकारको नीति र बजेट पास भइसकेकाले प्रदेश सरकारमा सहभागि हुने विषय पार्टीको मूल नीतिसँग मेल नखाने भएकोले छलफलद्धारा सच्चाउन मागसमेत गरेका छन ।

नेकपाका अर्का नेता नरेश भण्डारीले पनि कांग्रेससँग सहकार्य गर्ने विषयलाई घातक कदमको संज्ञा दिएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'समयले कम्युनिष्ट आन्दोलनसँग गम्भीर आत्मसमीक्षा र निर्मम रूपान्तरणको माग गरिरहेको छ । वैचारिक, संगठनात्मक र कार्यशैलीगत प्याराडाइम सिफ्ट गर्दै एकताबद्ध भएर अघि बढ्नुको अब कुनै विकल्प छैन । अन्यथा आफ्नै आस्थाको मलामी बन्ने घातक नियतिले ढोका ढकढक्याउन थालिसकेको छ ।' मुख्यमन्त्री कँडेल नेतृत्वको मन्त्रीमण्डलबाट बुधबार (३१ असार) मा कांग्रेसका चार मन्त्रीले राजीनामा दिएपछि नेकपाको अग्रसरतामा बिहिबार मुख्यमन्त्रीविरुद्ध प्रदेशसभामा अविश्वासको प्रस्ताव दर्ता गराएपछि नेताहरुले यस्तो धारणा सार्वजनिक गरेका हुन् ।

सो अविश्वासको प्रस्तावमा नेकपाका ११ र कांग्रेसका पाँच सांसदले हस्ताक्षर गरेका छन् । २७ चैत २०८० मा तत्कालीन नेकपा माओवादी केन्द्रको समर्थनमा कँडेल कर्णालीको मुख्यमन्त्री बनेका थिए । त्यसपश्चात् २०८१ असारमा माओवादीसँगको सहकार्य तोडिएपछि कांग्रेस-एमालेबिच गठवन्धन बनेको थियो । कांग्रेसको समर्थनमा मुख्यमन्त्रीमा निरन्तरता पाएका कँडेलले दुई वर्षयता सरकारको नेतृत्व गरिरहेका छन् ।

दुई दलबीचको सहमतिअनुसार मुख्यमन्त्री कँडेलले सरकारको नेतृत्व कांग्रेस संसदीय दलका नेता शाहीलाई दिनुपर्ने थियो । पूर्ववत् सहमति अनुसार नै कांग्रेसका मन्त्रीले राजीनामा दिएको बताइएको थियो । तर, आलोपालोको सहमति अनुसार मुख्मयन्त्री कँडेलले पदबाट राजीनामा दिएर कांग्रेसलाई सरकार बनाउन मार्ग प्रशस्त नगरेको भन्दै कांग्रेसले गठवन्धन फेर्न खोजेको बताइन्छ । आलोपालोको

▶▶ बाँकी ३ पेजमा

## कांग्रेस-एमालेको किचलोले बजेटविहिन बन्यो सुप

कांग्रेस-एमालेको गठवन्धनका कारण सुदूरपश्चिम सरकार पनि राजनीतिक अन्यौलतामा परेको छ । कांग्रेस नेतृत्वको सरकारलाई एमालेले असहयोग गरेपछि सुदूरपश्चिम प्रदेश सरकार बजेटविहिन अवस्थामा पुगेको छ । चालु आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेशसभामा पेस गरिएको बजेट असार मसान्तभित्र पारित हुन नसकेपछि शुक्रबारदेखि प्रदेश सरकार बजेटविहिन बनेको हो ।

सत्ता साझेदार कांग्रेस र एमालेबिच बजेटलाई लिएर चलेको जुहारी अन्ततः गठबन्धन नै टुट्ने अवस्थामा पुगेपछि बजेट अलपत्र परेको हो । कांग्रेस नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेट पास हुन नदिएर एमालेका सांसदले च्याँखे थापे । १ असारमा प्रदेशका आर्थिक मामिला मन्त्री विक्रमसिंह धामीले ३७ अर्ब ७० करोड रुपैयाँको बजेट प्रदेशसभामा प्रस्तुत गरेका थिए ।

बजेट सार्वजनिक भएलगत्तै सत्ता साझेदार एमालेले असन्तुष्टि जनायो । त्यससँगै एमालेले बजेट पुनर्लेखनको अडान लियो भने कांग्रेसले त्यसलाई आफ्नै सरकारविरुद्धको राजनीतिक बैमानीका रुपमा हेरेको थियो । एमाले सांसदरुले आफु सहभागि सरकारले ल्याएको बजेटविरुद्ध खर्च कटौती प्रस्ताव दर्ता गराएर

▶▶ बाँकी २ पेजमा



## सम्पादकीय....

# मृत्युमार्ग बनेका कर्णालीका सडक

कर्णालीका सडक विकास र समृद्धिको मेरुदण्ड बन्नुपर्ने हो । तर, विडम्बना, आज तिनै सडक सञ्जालहरू नागरिकका लागि कालान्तरमा 'डेथ ट्र्याप' (मृत्युको पासो) प्रमाणित भइरहेका छन् । पछिल्लो साढे १२ वर्षको सरकारी तथ्याङ्कलाई केलाउँने हो भने सडक दुर्घटनाको दर र यसबाट हुने मानवीय क्षतिको ग्राफ अकल्पनीय रूपमा डरलाग्दो देखिन्छ । दैलेखको साँगेतडाबाट कर्णाली नदीमा फोर्स गाडी खस्दा दुई दाजुभाइसहित पाँच जनाको मृत्यु भएको र एक जना अझै बेपत्ता रहेको घटना यसको पछिल्लो र अत्यन्त पीडादायी उदाहरण हो । यो एउटा सडक दुर्घटना मात्र होइन, राज्यको कमजोर पूर्वाधार, लापरवाही र बेवास्ताको मूल्य नागरिकले आफ्नै जीवनबाट तिरिरहेको यथार्थ हो । दुर्घटनामा दुई छोरा गुमाएका डण्डपाणी सुवेदीको पीडा एउटा परिवारको व्यक्तिगत शोक मात्र होइन, कर्णालीका सयौं परिवारको साझा नियति हो । ऋण लिएर किनिएको गाडी, भारतबाट फर्किएका दुई कमाउने छोरा, उजाडिएको परिवार र भविष्यप्रतिको अनिश्चितता–यी सबैले सडक दुर्घटनाले ज्यान मात्र होइन, पूरा परिवारको जीवन नै तहसनहस पार्ने गरेको देखाउँछन् ।

यस्ता घटनाले राज्यको विकास नीतिमाथि नै गम्भीर प्रश्न उठाउँछन् । सरकारी तथ्याङ्क झन् भयावह छन् । पछिल्लो १२ वर्षमा कर्णालीमा ६ हजारभन्दा बढी सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा एक हजार तीन सयभन्दा बढी नागरिकले ज्यान गुमाएका छन् भने झन्डै आठ हजार घाइते भएका छन् । औसतमा प्रत्येक वर्ष एक सय २० भन्दा बढी नागरिक सडक दुर्घटनामा मारिनु सामान्य घटना होइन, यो सार्वजनिक सुरक्षाको गम्भीर संकट हो । अझ पछिल्ला वर्षहरूमा सडक विस्तारसँगै दुर्घटनाको संख्या तीव्र रूपमा बढ्नुले विकासको गुणस्तरमाथि प्रश्न खडा गरेको छ । दुर्घटनाका कारण पनि प्रस्ट छन् । तीव्र गति, चालकको लापरवाही, जीर्ण सडक, कमजोर इन्जिनियरिङ, पुराना तथा मापदण्डविहीन सवारी, अपर्याप्त ट्राफिक निगरानी र सडक सुरक्षाका आधारभूत संरचनाको अभाव नै प्रमुख कारण हुन् । स्वयं ट्राफिक प्रहरीको विश्लेषणले अधिकांश दुर्घटना तीव्र गतिका कारण हुने देखाएको छ ।

यसको अर्थ दुर्घटना रोक्न सकिने अवस्था हुँदाहुँदै पनि प्रभावकारी नियमन हुन नसकेको हो । उच्च अदालतले सडकका जोखिमयुक्त स्थान सुधार गर्न आदेश दिइसकेको छ । मानवअधिकारकर्मीहरूले पटक-पटक 'ब्ल्याक स्पट' सुधार, नियमित सवारी परीक्षण, दुई चालकको व्यवस्था र आधुनिक प्रविधिबाट गति निगरानीको माग गरेका छन् । तर, कार्यान्वयनमा सरकारको उदासीनता कायमै छ । अहिले पूर्वाधार विकास मन्त्रीले कर्णालीका सडकको स्थलगत अनुगमन थालेका छन् । अनुगमन स्वागतयोग्य हो, तर, नागरिकलाई अब निरीक्षणको होइन, परिणामको आवश्यकता छ । कर्णालीका नागरिकले हरेक यात्रा भाग्यको भरमा गर्नुपर्ने अवस्था अन्त्य हुनुपर्छ । सडक विस्तारसँगै सुरक्षा मापदण्डको कठोर पालना, जोखिमयुक्त सडकको तत्काल सुधार, प्रभावकारी ट्राफिक व्यवस्थापन र जवाफदेही पूर्वाधार निर्माणलाई सर्वोच्च प्राथमिकता दिनुपर्छ । अन्यथा विकासका नाममा बनेका यी सडकहरू नागरिकका लागि निरन्तर मृत्युमार्ग बनिरहनेछन्, र प्रत्येक दुर्घटनापछि केही आश्वासनबाहेक फेरि अर्को परिवार उजाडिने दुःखद चक्र दोहोरिइरहनेछ ।

# व्यवसाय गर्ने कि देश छाड्ने ?



दीपा लामिछाने

"राज्यले यस प्रक्रियामा अवरोध पुर्‍याउनु वा कठोर नीतिमार्फत रोक्न खोज्नु नागरिकको उच्च शिक्षा पाउने अधिकारको ठाडो हनन हो ।"

वर्तमान समयमा नेपाली युवामाझ एउटा गम्भीर प्रश्न उब्जिएको छ- 'स्वदेशमै बसेर उद्यम गर्ने कि देश छाडेर पलायन हुने ?' युवाहरूलाई स्वदेशमै रोक्ने र रोजगारी सिर्जना गर्ने दाबी गरिरहेको राज्यका नीतिहरू भने ठीक उल्टो देखिन्छन् ।

हालै शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा अघि सारिएको 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा नियमावली, २०८३'का प्रावधानहरूले शैक्षिक परामर्श (कन्सल्टेन्सी) क्षेत्रलाई नियमन गर्ने बहानामा चरम करकाप र त्रासमा धकेलेको छ । २५ लाख रुपैयाँजस्तो अत्यधिक धरौटीको व्यवस्था र विभिन्न बहानामा भइरहेका कठोर धरपकडहरूले व्यवसायलाई सहजीकरण गर्ने होइन, बरु यसलाई सधैंका लागि अन्त्य गर्ने पराकाष्ठातर्फ

उन्मुख भएको स्पष्ट हुन्छ ।

उच्च शिक्षाको अधिकारमाथिको प्रहार : विश्वको जुनसुकै कुनामा गएर आफूले चाहेको विषयमा उच्च शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको विश्वव्यापी र नैसर्गिक अधिकार हो । यो अधिकारलाई कुनै पनि लोकतान्त्रिक राज्यले संकुचित पार्न मिल्दैन । आज विश्वका समृद्ध र विकसित मुलुकका विद्यार्थीसमेत उच्च शिक्षाका लागि सीमापार पुग्ने गर्छन् ।

अमेरिकाका विद्यार्थी बेलायत गएर पढ्छन् भने चीनका विद्यार्थी अस्ट्रेलिया र युरोपका विश्वविद्यालयहरूमा अध्ययन गरिरहेका हुन्छन् । यस्तो विश्वव्यापीकरणको युगमा नेपालका विद्यार्थीले विश्वका विभिन्न कुनामा गएर आधुनिक र गुणस्तरीय शिक्षा हासिल गर्न चाहनु पूर्ण रूपमा स्वाभाविक र न्यायसंगत प्रक्रिया हो । राज्यले यस प्रक्रियामा अवरोध पुर्‍याउनु वा कठोर नीतिमार्फत रोक्न खोज्नु नागरिकको उच्च शिक्षा पाउने अधिकारको ठाडो हनन हो ।

**शैक्षिक परामर्श क्षेत्रको अतुलनीय योगदान :**
विद्यार्थीहरू अन्तर्राष्ट्रिय शैक्षिक यात्रामा निस्किँदा उनीहरूलाई सही बाटो देखाउने, उपयुक्त विश्वविद्यालय र विषय छनोट गर्न मद्दत गर्ने र कानुनी प्रक्रियामा सहजीकरण गर्ने महत्त्वपूर्ण काम शैक्षिक परामर्श क्षेत्रले गर्दै आएको छ । कन्सल्टेन्सीहरूले केवल 'भिसा' लगाउने काममात्र गर्दैनन्, बरु एक दक्ष, सक्षम र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माण गर्ने आधारसमेत तयार पारिदिन्छन् ।

राज्यले आफ्ना कूटनीतिक नियोग वा मन्त्रालयका निकायहरूमार्फत सहजै गर्न नसक्ने काम निजी क्षेत्रका शैक्षिक परामर्शदाताहरूले आफ्नो लगानी र मिहिनेतबाट पूरा गरिरहेका छन् । त्यसैले, यो क्षेत्र राज्यको एउटा बलियो र महत्त्वपूर्ण सरोकारवाला हो ।

**नेपाली विद्यार्थीहरू विदेशमा गएर उच्च शिक्षा हासिल गर्दा देशको अर्थतन्त्र र सामाजिक स्तरमा बहुआयामिक फाइदाहरू पुगिरहेका छन् :–**
विप्रेषण र बलियो विदेशी मुद्रा सञ्चिति : विदेशमा अध्ययनरत विद्यार्थीले आर्जन गरेर पठाउने विप्रेषण र वित्तीय आप्रवाहले नेपालको वैदेशिक मुद्रा सञ्चितिलाई मजबुत बनाउन मेरुदण्डको काम गरेको छ ।

**स्वदेशी व्यापार र आन्तरिक बजारको प्रवर्द्धन :**
बाहिरबाट भित्रिने यही रकम नेपालको बजारमा खर्च हुँदा स्वदेशी व्यापारमा प्रत्यक्ष वृद्धि भएको छ । फलस्वरूप देशभित्र घरजग्गा, यातायात र बैंकिङ क्षेत्रहरू चलायमान र गतिशील बनेका छन् ।

पारिवारिक आर्थिक सुधार र निर्भरताको अन्त्य : यस प्रक्रियाले भुइँतहका आम नेपाली परिवारको आर्थिक अवस्थामा ठूलो रूपान्तरण ल्याएको छ । पुराना ऋणहरू तिर्न, नयाँ घरजग्गा जोड्न र परिवारलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन यस क्षेत्रले अदृश्य तर व्यापक योगदान पुर्‍याएको छ ।

ब्रेन गेन र कूटनीति : उच्च शिक्षा र अन्तर्राष्ट्रिय एक्स्पोजर लिएर स्वदेश फर्किने युवाहरूले आफूसँगै नवीनतम ज्ञान, सीप र उद्यमशीलता लिएर आउँछन्, जसले नेपालको विकासमा नयाँ आयाम थपेको छ ।

**उद्यमशीलताको घाँटी निमोठ्ने नीति : सुधार होइन, बहुआयामिक विनाश**
१. बहुआयामिक बेरोजगारी र सम्बद्ध क्षेत्रको धराशायीकरण : राज्यको अदूरदर्शी नीतिका कारण कन्सल्टेन्सीहरू बन्द हुँदा यस क्षेत्रमा कार्यरत ७० हजारभन्दा बढी युवा बेरोजगारमात्र हुने छैनन्, बरु यसैसँग जोडिएको सिंगो व्यावसायिक सञ्जाल नै भत्किनेछ । यो व्यवसाय प्रत्यक्ष र अप्रत्यक्ष रूपमा देशको बैंकिङ क्षेत्र, कागजात तयारी, भाषा प्रशिक्षण केन्द्र, अन्तर्राष्ट्रिय कुरियर सेवा र कानुनी अनुवादकजस्ता अनेकौं क्षेत्रहरूसँग जोडिएको छ । कन्सल्टेन्सीहरू बन्द हुनासाथ यी सबै सम्बद्ध व्यवसायहरू पनि एकैसाथ धराशायी हुनेछन्, जसले बजारमा ठूलो आर्थिक संकट निम्त्याउनेछ ।

२. करोडौंको सरकारी राजस्व ठप्प : वर्तमान समयमा राज्य आफैं चरम आर्थिक संकट र पुँजीको अभावबाट गुज्रिरहेको बेला यो कदम झन् प्रत्युत्पादक साबित हुनेछ । शैक्षिक परामर्श व्यवसायीहरूले संस्थागत आयकर र विभिन्न व्यावसायिक करमार्फत राज्य कोषमा ठूलो योगदान दिँदै आएका छन् । यसका साथै, विद्यार्थीले डकुमेन्ट प्रोसेसिङ गर्दा तिर्ने कर, नोटरी पब्लिक शुल्क र शिक्षा मन्त्रालयबाट नो अब्जेक्सन लेटर लिँदा बुझाउने दस्तुरका कारण राज्यले करोडौं रूपैयाँ राजस्व प्राप्त गरिरहेको छ । व्यवसायीहरूलाई लखेट्दा राज्यले नै पाइहेको यो वैधानिक र मोटो राजस्वको ढोका सधैंका लागि ठप्प हुनेछ ।

३. पुँजी र कमिसनको अवैध पलायन (भारत बलियो बन्ने खतरा) : नेपालका कन्सल्टेन्सीहरूलाई प्रतिबन्ध जस्तै हुने गरी नीति ल्याए पनि नेपाली विद्यार्थीको विदेशमा गएर गुणस्तरीय शिक्षा र अवसर खोज्ने मोह वा बाध्यता घट्ने छैन । स्वदेशी ढोका बन्द भएपछि नेपाली विद्यार्थीहरू भारतका एजेन्ट र शाखाहरूमार्फत प्रक्रिया वा आवेदन दिन बाध्य हुनेछन् । यसको सीधा दुष्परिणामस्वरूप, नेपाली विद्यार्थीले विदेश पढ्न पठाउने अर्बौं रुपैयाँको पुँजी र त्यसबापत प्राप्त हुने व्यावसायिक कमिसन अवैध रूपमा (हुन्डी वा अन्य माध्यमबाट) भारत पलायन हुनेछ । परिणामत : नेपालको पुँजी बिदेसिनेछ र नेपाली विद्यार्थीकै पैसाले छिमेकी देश झन् धनी बन्नेछ ।

४. नेपाली व्यवसायी र पुँजीको विदेश पलायन : स्वदेशमै इमानदारिताका साथ लाखौं-करोडौं लगानी गरेर रोजगारी सिर्जना गरिरहेका नेपाली कन्सल्टेन्सी व्यवसायीहरूलाई राज्यले अपराधीजस्तो व्यवहार गरेर लखेटिरहेको छ । कानुनी र मानसिक उत्पीडन सहन नसकेपछि यी व्यवसायीहरू आफ्नो बाँकी पुँजी, अनुभव र क्षमता समेटेर दुबई, कतार, भारत र अन्य खाडी तथा युरोपेली मुलुकहरूमा पलायन हुन बाध्य हुनेछन् । देशले स्वदेशमै उद्यम गरिरहेका आफ्नै लगानीकर्ता र भविष्यका सम्भावित करदाताहरूलाई सधैंका लागि गुमाउनेछ ।

निष्कर्षमा विनाश होइन, सुधार : राज्यले अहिले अघि सारेको कठोर नीति, नियम र धरपकडको वातावरण कन्सल्टेन्सी क्षेत्रलाई 'व्यवस्थित र मर्यादित' बनाउने उपाय हुँदै होइन । यो त स्वदेशी उद्यमशीलताको घाँटी निमोठेर देशलाई थप परनिर्भर, विपन्न र युवाविहीन बनाउने एउटा आत्मघाती नीति मात्र हो । संकटको बेला व्यवसायीहरूलाई संरक्षण गर्नुको साटो अपराधी झैं व्यवहार गरेर लखेट्नु राज्यको गैरजिम्मेवारीपनको पराकाष्ठा हो । यदि समयमै यो अदूरदर्शी नीतिलाई सच्याइएन भने, यसले देशको अर्थतन्त्रमा कहिल्यै पुरिन नसक्ने क्षति पुर्‍याउनेछ र यसको परिणाम 'सुधार होइन, केवल विनाश'मात्र हुनेछ ।

*(अन्नपूर्ण)*

## विश्व

# स्टार्मरको राजीनामापछि बर्नहम बेलायतको प्रधानमन्त्री बन्ने



**लन्डन, २ साउन ।**
लेबर पार्टीका वरिष्ठ नेता तथा ग्रेटर म्यानचेस्टरका पूर्वमेयर एन्डी बर्नहम सोमबार बेलायतका नयाँ प्रधानमन्त्री बन्नुहुने भएको छ । उनले गत महिना राजीनामा घोषणा गर्नुभएका किअर स्टार्मरलाई प्रतिस्थापन गर्नेछन् ।

सत्तारुढ लेबर पार्टीको नेताका रूपमा स्टार्मरको उत्तराधिकारी चयन गर्ने प्रक्रियामा बर्नहम एक्लो उम्मेदवार बनेका थिए । बेलायती संसदीय परम्पराअनुसार संसदको तल्लो सदन हाउस अफ कमन्समा बहुमत रहेको दलका नेता नै प्रधानमन्त्री बन्ने व्यवस्था छ ।

बर्नहमले लेबर पार्टीका ४०१ सांसदमध्ये ३४९ जनाको समर्थन प्राप्त गरेपछि शुक्रबार पार्टीको विशेष सम्मेलनबाट उहाँलाई नेता घोषणा गरिएको थियो । यद्यपि, उनी औपचारिक रूपमा सोमबार मात्र प्रधानमन्त्री बन्नेछन् । त्यसका लागि उनले बकिङ्घम दरबारमा राजा चार्ल्स तृतीयसँग भेट गरी सरकार गठनको निम्तो प्राप्त गर्नेछन् । त्यसअघिसम्म स्टार्मरले कामचलाउ प्रधानमन्त्रीका रूपमा जिम्मेवारी सम्हाल्नेछन् ।

**आम निर्वाचन किन आवश्यक परेन ?**
बेलायतको संसदीय व्यवस्थामा आम निर्वाचनबिना नै सत्तारुढ दलले आफ्नो नेता परिवर्तन गर्न सक्छ । प्रधानमन्त्रीले दलको नेतृत्वबाट राजीनामा दिएमा वा नेतृत्व चुनौतीका कारण पद छोडेमा सो दलले आन्तरिक प्रक्रियाबाट नयाँ नेता चयन गर्न सक्छ । नयाँ नेता नै संसदमा बहुमत भएको अवस्थामा प्रधानमन्त्री बन्ने व्यवस्था छ ।

बेलायतमा अर्को आम निर्वाचन सन् २०२९ सम्म गर्नुपर्ने छैन । सन् २०२४ को निर्वाचनपछि लेबर पार्टीले बहुमतसहित सरकार गठन गरेको थियो ।

स्टार्मरले गत जुन २२ मा लेबर पार्टीको

बाँकी ३ पेजमा

## कांग्रेस...

मुख्यमन्त्री कमलबहादुर शाहलाई आजित बनाएका थिए ।

अन्तिमसम्म पनि मुख्यमन्त्री शाहले एमालेका मन्त्री तथा सांसदलाई मिलाउन प्रयास गरे । उनले विवाद मिलाइ दिन पार्टी केन्द्रलाई गुहारे । तर, विवाद समाधान गर्न एमाले अध्यक्ष ओलीले चासो नदिएपछि मुख्यमन्त्री शाहले बुधबार एमालेका चार मन्त्रीलाई बर्खास्त गरिदिएका थिए । आफ्ना मन्त्री बर्खास्तमा परेपछि एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लियो ।

त्यससँगै मुख्यमन्त्री शाह नेतृत्वको सरकार अल्पमतमा परेको छ । आर्थिक वर्षको अन्तिम दिन बिहीबारसम्म सरकारले बजेट कार्यान्वयनका लागि कुनै वैकल्पिक कानुनी व्यवस्था गर्न नसकेपछि प्रदेश सरकार शुक्रबारदेखि खर्चविहीन बनेको हो । बजेट अभावमा कुनै पनि सरकारी निकायले नयाँ खर्च गर्न पाउने छैनन् । मुख्यमन्त्री शाहले बजेट शून्यता टार्न नेकपासँग सहमति गरेर पेस्की खर्च विधेयक ल्याउने प्रयास गरेको भए पनि सफल हुन सकेन । अब साउनको पहिलो साताभित्र अध्यादेशमार्फत पेस्की खर्च सम्बन्धी विधेयक ल्याउने विकल्पबारे छलफल भइरहेको छ ।

बजेट नहुँदा खर्च रोकिने भए पनि सामयिक राजस्व संकलन ऐन २०८१ का आधारमा राजस्व संकलन र नियमित सेवा प्रवाह भने निरन्तर रहने बताइएको छ । यता प्रमुख प्रतिपक्षी नेकपाका संसदीय दलले मुख्यमन्त्री शाहले बहुमत गुमाइसकेको उल्लेख गर्दै राजीनामा दिएर मार्गप्रसस्त गर्न आग्रह गरिसकेको छ । उसले दल नेता खगराज भट्टलाई मुख्यमन्त्रीमा अगाडि सार्दै एमाले र कांग्रेससंग संवाद गर्न वार्ता टोली नै बनाएको छ ।

अल्पमतमा परेका मुख्यमन्त्री शाहले भने प्रदेशसभाबाटै विश्वासको मत लिने विषयमा छलफल गरिरहेका छन् । ५३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि २७ सांसद आवश्यक पर्छ । प्रदेशमा नेकपा २० सांसद (निलम्बित र सभामुखबाहेक) सहित ठूलो दल छ । कांग्रेसका १८ र एमालेका ११ र राप्रपाका एक प्रदेशसभा सदस्य रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८
**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५
**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१
**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** – छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । समयतालिका नमिल्दा योजना अधुरै रहनेछ ।

**वृष** – आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ ।

**मिथुन** – जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा केही चुनौती आउन सक्छन् । प्रतिस्पर्धीलाई कमजोर नठान्नुहोला । दाजुभाइमा असमझदारी बढ्न सक्छ ।

**कर्कट** – लगनशीलताले विद्या तथा धन आर्जन हुनेछ भने काममा पनि सफलता मिल्नेछ । लेखनकलामा निखारता ल्याउन अझ मेहनत गर्नुपर्ला ।

**सिंह** – प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । नयाँ कामको प्रस्ताव आउनेछ ।

**कन्या** – बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ । अर्थअभावले विशेष काम रोकिन सक्छ । अवसरका लागि केही दौडधुप त गर्नैपर्ने समय छ ।

**तुला** – व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला ।

**वृश्चिक** – अवसर प्राप्त भए पनि बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ । मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ । तर प्रशस्त दाम भने हातलागी नहुन सक्छ ।

**धनु** – मिहिनेत परे पनि भविष्यका लागि जग बसाउने अवसर प्राप्त हुनेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**मकर** – खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**कुम्भ** – केही खर्च लागे पनि खानपान तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ ।

**मीन** – परिस्थितिवश सानोतिनो समस्याले अल्झाउनेछ । मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ ।

## औषधी लिमिटेडबाट दुई वर्षभित्र ३६ प्रकारका औषधी उत्पादन गर्ने समझदारी




**युग संवाददाता**
**काठमाडौँ, २ साउन ।**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वदेशी औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ नेपाल औषधी लिमिटेडबाट आगामी दुई वर्षभित्र ३६ प्रकारका अत्यावश्यक औषधी उत्पादन गर्ने तयारी अघि बढाएको छ।

यसका लागि मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच उक्त समझदारीपत्रको प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ। हाल नेपाल औषधि लिमिटेडबाट ११ प्रकारका अत्यावश्यक औषधी उत्पादन भइरहेका छन्।

आगामी चरणमा उच्च रक्तचाप र मधुमेहलगायतका दीर्घरोगका औषधीसमेत नेपाल औषधि लिमिटेडबाट उत्पादन गर्ने योजना रहेको छ। यसका लागि आवश्यक अनुसन्धान तथा विकास, गुणस्तर परीक्षण, उत्पादन अनुमति र प्राविधिक तयारीलाई तीव्रता दिइने मन्त्रालयको भनाई छ।

मन्त्रालयले यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने तथा सरकारी स्वास्थ्य संस्थामा आवश्यक अत्यावश्यक औषधिको आपूर्तिमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्बन गर्ने तयारी गरेको छ।

समझदारी कार्यान्वयनमा आएपछि सरकारी स्वास्थ्य संस्थाका लागि आवश्यक औषधिको खरिद मन्त्रालय र औषधि लिमिटेडबीच सहज, नियमित र संस्थागत प्रणालीमार्फत हुने व्यवस्था मिलाइने छ। यसबाट सरकारी खरिद प्रक्रिया थप प्रभावकारी बन्नुका साथै नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधिको सुनिश्चित उपयोग र बजार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

त्यसैगरी औषधि लिमिटेडबाट उत्पादन हुने सबै औषधिको गुणस्तर राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्डअनुसार सुनिश्चित गरिने मन्त्रालयले जनाएको छ।

## नयाँ सरकार गठनको कसरत :

# भ्रष्टाचार आरोपित शाहीको नेतृत्वलाई लिएर कांग्रेसभित्रै मतभेद

**युग संवाददाता**
**सुर्खेत, २ साउन ।**

कर्णाली प्रदेशमा नयाँ सरकार गठनको राजनीतिक कसरत तीव्र बन्दै जाँदा नेपाली कांग्रेसभित्रै सरकारको नेतृत्वको विषयलाई लिएर मतभेद सतहमा आएको छ। केन्द्रमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)बीच विभिन्न राजनीतिक विकल्पमा छलफल चलिरहेका बेला कर्णालीको नेतृत्व कसले गर्ने भन्ने विषयले कांग्रेसभित्र नैतिकता, सुशासन र सार्वजनिक छविबारे नेताहरुले बहस सुरु गरेका हुन्।

कर्णालीमा नेपाली कांग्रेस र नेकपाबीच सत्तासाझेदारीको सहमति गरी दुवै दलले वर्तमान मुख्यमन्त्री यामलाल कंडेलका विरुद्ध अविस्वासको प्रस्ताव दर्ता गरी कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाही पुनः मुख्यमन्त्री प्रस्ताव गरेपछि कांग्रेस भित्र थप बहस सुरु भएको हो। पुर्वमुख्यमन्त्री शाही वाइडबडी विमान खरिद प्रकरणमा विशेष अदालतबाट सफाइ पाएपनि अख्तियारले सर्वोच्च अदालतमा पुनरावेदन गरेकाले मुद्दा अन्तिम टुंगोमा पुगिसकेको छैन। यही विषयलाई लिएर कांग्रेसका केही नेताले भ्रष्टाचारको आरोपसँग जोडिएको छवि बोकेको व्यक्तिलाई पुनः सरकारको नेतृत्वमा अघि सार्दा पार्टीको राजनीतिक र नैतिक छवि कमजोर हुने बताउँछन्।

नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री कर्णबहादुर बुढाले संसदीय दलको नेताको विषय बहुमतले निर्धारण गर्ने भएकाले तत्काल नेतृत्व परिवर्तन सम्भव नरहेको बताए। उनका अनुसार जीवन शाहीलाई संसदीय दलको नेताबाट हटाइएको छैन र बहुमत अझै उनकै पक्षमा रहेकाले मुख्यमन्त्रीको दाबी गर्ने आधार उनीसँग छ। 'दलभित्र निर्णय गर्न बहुमत चाहिन्छ। उहाँलाई संसदीय दलको नेताबाट हटाइएको छैन। त्यसैले मुख्यमन्त्री हुने अवस्था उहाँकै देखिन्छ', बुढाले भने।



तर उनले नैतिक पक्षलाई भने गम्भीर रूपमा उठाए। उनले भने, 'यो कानुनीभन्दा पनि नैतिकताको विषय हो। उनी आफैँ नैतिकता देखाएर सरकारको नेतृत्व लिने कुराबाट पछाडि हट्नु पर्ने हो।'

बुढाले पार्टीको केन्द्रीय नेतृत्वले समयमै यस विषयमा गम्भीर रुपमा सोच्नु पर्ने बताए। उनले भने, 'मैले पनि नेतृत्वलाई भोलि समस्या आउँछ भनेर भनेको थिएँ। हिजो सभापति शेरबहादुर देउवाले सोच्नुभएन, अहिले गगन थापालगायत नेतृत्वले पनि गम्भीर रूपमा सोच्नुभएन भने, हामीले आफ्नो कुरा भनेका छौँ। निर्णय गर्ने जिम्मा नेतृत्वकै हो।'

यस्तै नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल दलित संघका निवर्तमान केन्द्रीय अध्यक्ष लोकबहादुर विकले जीवन शाहीलाई पुनः नेतृत्वमा अघि सार्ने प्रयासले कांग्रेसको छवि बिग्रने बताए।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य जानकी सिंहले अहिले नै को के बन्ने भन्ने विषयमा निष्कर्ष निकाल्न नहुने बताइन्। उनले केन्द्रमा कांग्रेस, एमाले र माओवादीबीच विभिन्न राजनीतिक विकल्पमा छलफल भइरहेको जानकारी दिँदै केन्द्रको निर्णयपछि मात्रै प्रदेशको नेतृत्वबारे स्पष्ट हुने बताइन्। उनले भनिन्, 'अहिले नै को मुख्यमन्त्री बन्छ भन्ने टुंगो लागेको छैन। केन्द्रको निर्णयपछि मात्र बाँकी प्रक्रिया अगाडि बढ्छ। तर पार्टीले सरकारमा पठाउने व्यक्तिहरू उच्च नैतिक छबि भएको हुनुपर्छ।'

नेपाली कांग्रेस कालिकोटका उपसभापति मीनबहादुर बोगटीले केही समयअघि रास्कोटमा आयोजित कांग्रेसको कार्यक्रममा कांग्रेसका नेता जीवनबहादुर शाहीले माओवादी केन्द्रका नेता महेन्द्रबहादुर शाहीको खुलेर प्रशंसा गरेका थिए। अहिले माओवादी केन्द्रले पुनः महेन्द्रबहादुर शाहीलाई मुख्यमन्त्रीको उम्मेदवार बनाएको सन्दर्भमा कांग्रेसभित्र त्यस अभिव्यक्तिलाई पनि चासोका साथ हेरिएको छ। बोगटीले सुशासन र विधिको शासनको एजेन्डा बोकर पार्टीमा पुस्तान्तरण र रुपान्तरणको नारासहित अगाडि बढिरहेको कांग्रेसको केन्द्रीय नेतृत्वले प्रदेश सरकारको नेतृत्व पठाउँदा पनि त्यही मापदण्ड अपनाउनुपर्ने बताए।

## मुद्दा फछ्र्यौटमा सुधार

**युग संवाददाता**
**महेन्द्रनगर, २ साउन ।**

कञ्चनपुर जिल्ला अदालतले आर्थिक वर्ष २०८२/८३ मा ६९.३४ मुद्दा फछ्र्यौट गरेको छ। अदालतले आर्थिक वर्ष २०८२/८३ को कार्यसम्पादन विवरण सार्वजनिक गर्दै मुद्दा फछ्र्यौटमा उल्लेखनीय सुधार गरेको तथ्याङ्कले देखाएको छ।

अन्तरक्रिया कार्यक्रममा जिल्ला अदालतका न्यायधीश राजेन्द्र भण्डारीले लक्ष्यको १०८ प्रतिशत मुद्दा फछ्र्यौट गरिएको जानकारी दिए। उनले अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ६८८ मुद्दा र नयाँ दर्ता भएका एक हजार ५२० मुद्दा गरी दुई हजार २०८ मुद्दा दर्ता रहेका थिए। यसमा एक हजार ४११ वटा मुद्दा फछ्र्यौट गर्ने लक्ष्य रहेकोमा एक हजार ५२४ वटा मुद्दा फछ्र्यौट भएको जानकारी दिए। "६९.३४ प्रतिशत मुद्दा फछ्र्यौट भएको छ।" उनले भने, "६८४ मुद्दा फछ्र्यौट हुन बाँकी छ।"

त्यसैगरी अदालतको तथ्याङ्कअनुसार जरिवाना असुलीतर्फ कुल ३० करोड १४ लाख ९७ हजार ३३२ रुपैयाँमध्ये पाँच करोड १३ लाख ५१ हजार ९०७ रुपैयाँ असुल भएको छ। रु २५ करोड एक लाख ४५ हजार ४०५ रुपैयाँ अझैं सङ्कलन गर्न बाँकी रहेको छ।

## स्टार्मरको...

नेतृत्वबाट राजीनामा दिने घोषणा गरेका थिए। उनको नेतृत्व विभिन्न विवाद र राजनीतिक चुनौतीका कारण आलोचित बनेको थियो। विशेषगरी यौन अपराधमा दोषी ठहरिएका जेफ्री एपस्टिनसँग सम्बन्धित व्यक्तिलाई अमेरिकाका लागि बेलायती राजदूत नियुक्त गर्ने निर्णयले उनलाई थप दबाबमा पारेको थियो। मे महिनामा भएको स्थानीय निर्वाचनमा लेबर पार्टीले ठूलो पराजय बेहोरेपछि पार्टीभित्र स्टार्मरको नेतृत्वमाथि प्रश्न उठेको थियो। बर्नहमले संसदको उपनिर्वाचन जितेपछि उनी पार्टी नेतृत्वका लागि बलियो दाबेदार बनेका थिए।

लेबर पार्टीको नियमअनुसार, नेतृत्व चुनौती दिन हाउस अफ कमन्समा रहेका पार्टीका कम्तीमा २० प्रतिशत सांसदको समर्थन आवश्यक पर्छ। बर्नहमले आवश्यक समर्थन सजिलै जुटाएपछि उहाँ निर्विरोध नेता चयन भएका हुन्।

**एक दशकमा सातौँ बेलायती प्रधानमन्त्री**

बर्नहम एक दशकभित्र बेलायतका सातौँ प्रधानमन्त्री बन्नुहुनेछ। संसदीय प्रणालीका कारण बेलायतमा आम निर्वाचनबाहेक पनि प्रधानमन्त्री परिवर्तन हुने गरेको छ।

पछिल्लो दशकमा चार जना प्रधानमन्त्री आम निर्वाचन जितेर नभई पार्टीभित्रको नेतृत्व प्रतिस्पर्धामार्फत सत्तामा आएका थिए। कन्जरभेटिभ पार्टीका थेरेसा मे र बोरिस जोनसन आफ्ना पूर्ववर्तीको राजीनामापछि प्रधानमन्त्री बनेका थिए। त्यस्तै, सन् २०२२ मा जोनसनले पद छोडेपछि लिज ट्रस प्रधानमन्त्री बने। तर, ४९ दिनमै उहाँले राजीनामा दिएपछि सोही प्रक्रियाबाट ऋषि सुनक प्रधानमन्त्री बनेका थिए।

## एक बर्षमै...

अनुमान छ। जैविक विविधताले समृद्ध यस निकुञ्जमा दुर्लभ वन्यजन्तुको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ।

संरक्षणकर्मीहरूका अनुसार टाइम कार्ड प्रणाली मात्र पर्याप्त नभएकाले चालकमा जनचेतना अभिवृद्धि, कडाइका साथ गति नियन्त्रण, आधुनिक चेतावनी प्रणाली, रातिको निगरानी तथा वन्यजन्तु आवतजावत गर्ने क्षेत्रमा अण्डरपास वा ओभरपास निर्माणजस्ता दीर्घकालीन उपाय तत्काल कार्यान्वयन गर्न आवश्यक छ। अन्यथा, महेन्द्र राजमार्ग वन्यजन्तुका लागि निरन्तर 'मृत्यु मार्ग' बन्ने खतरा कायम रहने उनीहरूको चेतावनी छ।

## कर्णालीमा...

सहमति अनुसार मुख्यमन्त्री कँडेलले कांग्रेसलाई सरकारको नेतृत्व लिन केन्द्रमा छलफल गरेर आउन आग्रह गरिरहेका थिए। तर, कांग्रेसले आवश्यक छलफल नै नगरी कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएको एमाले स्रोतका दावी छ।

यद्यपी, यही कारणले मात्र कर्णालीमा एमाले-कांग्रेस गठवन्धन भत्किएको भने होइन। कांग्रेस-एमाले गठवन्धन भत्कनुका पछि एमाले अध्यक्ष केपी शर्मा ओली जोडिएका छन्। उनले प्रदेशमा कांग्रेस नेतृत्वको सरकारमा एमाले सांसदहरुले खेलेको डबल भूमिकालाई रोक्न चासो नदिदा गठवन्धन भत्किएको एमाले स्रोत बताउँछ।

नयाँ समीकरणको खेल चलिरहँदा नेकपाले कांग्रेस र एमालेसँग समानान्तर संवाद चलाइरहेको छ। नेकपा अध्यक्ष पुषपकमल दाहाल प्रचण्ड श्रीलंकाबाट फर्केपछि राजनीतिक घटनाक्रमले तीव्रता पाउने सम्भावना छ।

# उल्झनमा मुक्तकमैया पुनःस्थापनाको मुद्दा

**युग संवाददाता**
**कैलाली, २ साउन ।**

कैलालीको गोदावरी नगरपालिका-१ विजयपुर शिविरका २२ मुक्तकमैया परिवारले दुई दशकअघि एउटा नयाँ जीवनको सपना देखेका थिए। सरकारले कमैया मुक्तिको घोषणा गरेसँगै आफ्नै घर, आफ्नै जमिन र सम्मानजनक जीवन पाउने उनीहरूको विश्वास थियो।

सरकारले उनीहरूलाई जग्गाको लालपुर्जा पनि दियो, तर त्यसको श्रेस्ता कायम भएन। त्यसयता मालपोत कार्यालय धाउँदा-धाउँदा वर्षौं बिते, समस्या भने जहाँको त्यहीँ छ। "पुर्जा छ, तर श्रेस्ता छैन। त्यसैले आफ्नो जग्गा देखाएर कुनै काम गर्न पाएका छैनौँ", मुक्तकमैया फूलमति डगौरा थारु भन्छन्, "हाम्रो मात्रै होइन, यस्ता समस्या धेरै ठाउँमा छन्।"

फूलमतिको कथा एउटा परिवारको मात्रै होइन। कमैया मुक्तिको २६ वर्ष पूरा हुँदा पनि सयौँ मुक्तकमैया परिवारले अझै पुनःस्थापनाका विभिन्न समस्या भोगिरहेका छन्। कतिपयसँग परिचयपत्र छ, तर पुनःस्थापनामा समेटिएका छैनन्। कतिपयसँग लालपुर्जा छ, तर श्रेस्ता छैन। कतिपयले पाएको जग्गा डुबान र नदी कटानको जोखिममा छ।

यीनै समस्या समाधानको गति आर्थिक वर्ष २०७५/७६ पछि झन् सुस्त बनेको उनीहरूको गुनासो छ। कारण एउटै देखाइन्छ- विसं २०७५ पछि सङ्घीय संरचनाअनुसार पुनःस्थापनाको अन्तिम जिम्मेवारी कसको भन्ने अन्योल।

"सङ्घले जिम्मेवारी प्रदेश र स्थानीय तहलाई दिएको बताउँछ। प्रदेशले स्पष्ट रूपमा आफ्नो दायित्व मान्दैन। स्थानीय तहसँग न बजेट छ, न जग्गा वितरण गर्ने अधिकार", मुक्तकमैया अधिकारकर्मी पशुपति चौधरी भन्छन्, "तीन तहबीच जिम्मेवारी स्पष्ट नहुँदा पुनःस्थापनाको बाँकी काम लगभग ठप्प भएको छ।"

**ऐतिहाँसिक उपलब्धि**

वि.सं. २०५७ साउन २ गते नेपाल सरकारले अनुचित ऋण (सौकी) मिनाहासहित कमैया मुक्तिको घोषणा गर्दै बँधुवा श्रम अन्त्यतर्फ ऐतिहासिक कदम चालेको थियो। त्यसको एक वर्षपछि जारी कमैया श्रम (निषेध) ऐन, २०५८ ले बँधुवा श्रमलाई कानुनी रूपमा पूर्ण प्रतिबन्ध लगायो।


कमैयामाथिका सबै ऋण मिनाहा गरिए। पुराना लिखत र सम्झौता स्वतःअमान्य भए। सरकारले पुनःस्थापनाका लागि घर, जमिन, नगद सहायता र सीप विकास कार्यक्रम सञ्चालन गऱ्यो। सरकारी तथ्याङ्कअनुसार दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ३२ हजार ५०९ परिवारलाई परिचयपत्र वितरण गरिएको थियो। तीमध्ये पुनःस्थापनायोग्य ठहरिएका २७ हजार ५७० परिवारमध्ये २७ हजार २१ परिवारले घर वा जग्गा प्राप्त गरेका छन्। २०७५/७६ सम्म १९ हजार ५३१ जनाले विभिन्न सीप तालिम पनि लिएका छन्।

"यसले हजारौँ परिवारको जीवन बदल्यो। हिजो बँधुवा श्रमिक रहेका आज व्यवसायी, जनप्रतिनिधि र सामाजिक नेतृत्वमा पुगेका छन्", अधिवक्ता बालाराम भट्टराई भन्छन्, "तर बाँकी रहेका समस्या समाधान नगर्दा यही उपलब्धिमाथि प्रश्न उठिरहेको छ।"

**उपलब्धिको चित्र र अपूरो यथार्थ**

सरकारी अभिलेखले अधिकांश पुनःस्थापनाका काम सम्पन्न भएको देखाउँछ। सरकारी तथ्याङ्कअनुसार दाङ, बाँके र कञ्चनपुरमा पुनःस्थापनाको काम लगभग टुङ्गिएको छ। बर्दियामा केही परिवार स्थानीय तहलाई हस्तान्तरण गरिएका छन् भने कैलालीमा पनि अधिकांश काम सम्पन्न भएको दाबी गरिएको छ।

सरकारी तथ्याङ्कअनुसार त्यसअघि दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका ३२ हजार ५०९ मुक्तकमैया परिवारलाई



परिचयपत्र वितरण गरिएको थियो। तीमध्ये पुनःस्थापनायोग्य मानिएका क र ख वर्गका २७ हजार ५७० परिवारमध्ये २७ हजार २१ परिवारले घर तथा जमिनको सुविधा पाइसकेका छन्। बर्दियामा ३० र कैलालीमा २७० गरी ३०० परिवारका काम मात्र स्थानीय तहमा हस्तान्तरण गरिएको अभिलेख छ।

मुक्तकमैया समाजको तथ्याङ्कले फरक तस्वीर देखाउँछ। समाजका अनुसार पुनःस्थापनायोग्य ठहरिएका परिवारमध्ये पनि सबैले जग्गा पाएका छैनन्। जमिन पाउनयोग्य ठहऱ्याइएका २७ हजार ५७० कमैया परिवारमध्ये केवल २५ हजार १९५ अर्थात् ९१ प्रतिशतले मात्र जमिन पाएका छन्।

यसमा पनि ६६१ परिवारले अनुपयुक्त जग्गा पाएका छन्। चार हजार ४६३ परिवारले परिचयपत्र नै पाएका छैनन्। परिचयपत्र पाएर पनि पुनःस्थापना प्याकेज नपाउने चार सय ६३ परिवार छन्। १७३ परिवारको प्रमाणपत्र बदर गरिएको छ । "यसको अर्थ सबै प्रमाण साथमा भएर पनि नौ प्रतिशत मुक्तकमैया जमिन प्राप्त गर्नबाट बञ्चित हुन पुगेका छन्। अझ, परिचयपत्र पाउनयोग्य सबै निस्सा साथमा रहेका कमैया परिवारको सङ्ख्या पनि उल्लेख्य छ", समाजका कैलाली अध्यक्ष चन्द्रप्रसाद चौधरी भन्छन्, "एउटै मापदण्ड पूरा गरेका परिवारमध्ये कसैले सबै सुविधा पाउने र कसैले केही पनि नपाउने अवस्था न्यायसङ्गत हुन सक्दैन।"

**२०७५ पछि किन रोकियो गति ?**

मुक्तकमैया पुनःस्थापनाका अधिकांश कार्यक्रम आर्थिक वर्ष २०७५/७६ सम्म सञ्चालन भए। त्यसपछि कार्यक्रम करिब निष्क्रिय बन्दै गएका छन्। राष्ट्रिय दलित नेटवर्कका कार्यकारी निर्देशक हुकुम सार्कीका अनुसार पर्याप्त बजेट हुँदाहुँदै पुनःस्थापनाको काम स्थानीय तहमा सार्ने निर्णय गरियो, तर त्यसका लागि न योजना बनाइयो, न आवश्यक तयारी।

"२०७५/७६ सालको बजेटमा राज्यले झण्डै पौनै तीन खर्ब बरोबरको रकम पुनःस्थापनाका लागि छुट्ट्यायो, त्यसलाई कार्यान्वयन गर्नुको सट्टा बिनापूर्वतयारी मुक्तकमैयालगायतको सबै काम मूलतः सिद्धियो अब बाँकी रहे बचेको काम स्थानीय तहले गर्ने भनेर एकाएक घोषणा गरियो। त्यही समयदेखि समस्या समाधानको गति ठप्प भएको छ", उनले भने।

मुक्तकमैया, कम्लरी, हलिया र हरवाचरवावाको वस्तुस्थिति अध्ययन समितिको प्रतिवेदन, २०७८ ले पनि यही निष्कर्ष निकालेको छ। उक्त प्रतिवेदनमा भनिएको छ, "पुनःस्थापनाका काम सकिएको अप्रत्याशित घोषणापछि त्यस वर्षको बाँकी बजेट पनि कार्यान्वयन हुन नसकेर अधिकांश स्थानमा फ्रिज भयो। यसरी पुनःस्थापनाकार्यका लागि पर्याप्त बजेट भएको बेला कमैया, हलिया, कम्लरी पुनःस्थापनाकार्य सम्पन्न गर्ने एउटा अमूल्य अवसर गुम्यो।"

सङ्घ सरकारले जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएको बताउँदै आएको छ। तथापि, पुनःस्थापना, सीप विकास र जीविकोपार्जनका क्षेत्रमा सङ्घीय सरकारको प्रतिनिधिका रूपमा स्थानीयस्तरमा सहजीकरणको काम भइरहेको कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको भनाई छ। "हामीले मुक्तकमैया क्षेत्रमा क्रियाशील सङ्घ संस्थाका व्यक्ति र अधिकारकर्मीका गुनासाअनुसार केन्द्र सरकारलाई दिनुपर्ने सुझाव दिइरहे कै छौँ। क्षेत्रगत जिम्मेवारीअनुसार दायित्व निर्वाह गरिनुपर्छ", उनले भने।

सुदूरपश्चिम प्रदेश सरकारले भने स्रोत र नीतिगत अन्योलताकाबीच आफ्नै कार्यविधिबाट काम गरिरहेको जनाइएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव शंकर साहका अनुसार प्रदेश सरकारले विकास साझेदारसँगको सहकार्यमा कञ्चनपुरमा ५० घर निर्माण गरिसकेको छ र जीविकोपार्जन तथा तालिमका कार्यक्रम पनि सञ्चालन गइरहेका छन्।

उनले भने, "स्रोतसाधनलगायत केही नीतिगत अन्यौलता छन्, तर हामीले अन्य विकास साझेदारसँग सहकार्य गरेर पुनःस्थापनाका काम गरिरहेका छौँ। आर्थिक वर्ष २०८२/८३मा मात्रै विकास विकास साझेदारसँगको सहकार्यमा कञ्चनपुरको शुक्लाफाँटा र बेलौरीमा ५० वटा घर निर्माण गरेका छौँ। यस वर्ष पनि त्यसलाई निरन्तरता दिँदै थप घर बनाउने योजना छ। तालिम तथा जीविकोपार्जनका काममा पनि हामीले सहयोग गरिरहेका छौँ।"

केन्द्र र प्रदेश सरकारले धेरैजसो दायित्व स्थानीय तहमा हस्तान्तरण गरेको छ, तर स्थानीय तहका आफ्नै बाध्यता छन्। "हामीसँग न पर्याप्त बजेट छ, न जग्गा वितरण गर्ने कानुनी अधिकार", जानकी गाउँपालिकाका अध्यक्ष गणेश चौधरी भन्छन्, "केन्द्र सरकारले मुक्तकमैयालाई अन्य भूमिहीनसरह ठानेर काम गर्दा समस्या देखिएको हो। विशेष कार्यक्रममार्फत समस्या समाधान गर्न आवश्यक छ।"

हाल मुख्यगरी तीन ठूला चुनौती छन्। परिचयपत्र भएर पनि पुनःस्थापना प्याकेज नपाएका, लालपुर्जा भएर पनि श्रेस्ता कायम गरिएका र डुबान, नदी कटान वा अनुपयुक्त स्थानमा जग्गा पाएका परिवारका समस्या सम्बोधन। यसका लागि तीन तहका सरकारबीच स्पष्ट जिम्मेवारी बाँडफाँट र विशेष संयन्त्र आवश्यक रहेको अधिकारकर्मीको भनाई छ। "मुक्तिको घोषणा गर्ने राज्यले पुनःस्थापनाको अन्तिम जिम्मेवारी पनि स्पष्ट गर्नुपर्छ", अधिकारकर्मी चौधरी भन्छन्, "यसका लागि छुट्टै आयोग वा अधिकार सम्पन्न संयन्त्र आवश्यक छ।"

अधिवक्ता भट्टराई पनि अधिकांश काम सम्पन्न भइसकेकाले बाँकी रहेका परिवारका समस्या समाधान गर्न ढिलाइ गर्न नहुने बताउँछन्। "अधिकांश काम सम्पन्न भइसकेका छन्। त्यसका लागि सरकारलाई सबैले धन्यवादु दिइरहेका छन्, तर थोरै भए पनि जसले अधिकार पाएनन्, उनीहरु त सधैँ राज्यसँग असन्तुष्ट हुने भए त्यसैले त्यसलाई सम्बोधन गर्न ढिलाइ गर्नुहुँदैन।"

मुक्तकमैया डगौरा भने अझै एउटै अपेक्षामा छन्। "हामीलाई सधैँ माग र गुनासा राखिरहन मन छैन", उनी भन्छन्, "हाम्रो पुर्जा र श्रेस्ता मिलाइदिए पुग्छ। राज्यले मुक्त घोषणा गरेजस्तै अरुको समस्या पनि समाधान गरिनुपर्छ। त्यसपछि हामी पनि अरू नागरिकसरह आफ्नै जीवन अघि बढाउन सक्छौँ।"

कमैया आन्दोलनले नेपालबाट बँधुवा श्रम कानुनी रूपमै अन्त्य गऱ्यो, तर पुनःस्थापनाको अन्तिम चरणमा आएर जिम्मेवारी बाँडफाँटले नयाँ चुनौती जन्माएको देखिन्छ। त्यसैले अहिलेको बहस मुक्तिको होइन, अधुरो पुनःस्थापनाको अन्त्य कसरी गर्ने भन्नेमा केन्द्रित भएको छ। अब समस्या बाँकी छैन भन्ने सरकारी दाबी र समस्या अझै छ भन्ने मुक्तकमैयाको तथ्याङ्कबीचको वास्तविकता खोज्दै समस्या समाधान जोड दिन आवश्यक रहेको अधिकारकर्मीको मत छ।

# उच्च अदालत नेपालगन्ज इजलासमा दुई वर्षभन्दा पुराना सबै मुद्दा फछ्र्योट

**युग संवाददाता**
**नेपालगन्ज, २ साउन ।**

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासले आर्थिक वर्ष २०८२ /०८३ मा दुई हजार १६३ मुद्दामध्ये एक हजार ३५४ मुद्दा फछ्र्योट गरेको छ। प्रतिशतका आधारमा ६२ दशमलव ६० प्रतिशत मुद्दा फछ्र्योट भएको सो अदालतले जनाएको छ।



शुक्रबार यहाँ वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका न्यायाधीश बामदेव ज्ञवालीले अदालतले दुई वर्षभन्दा पुराना सबै मुद्दा फछ्र्योट गर्न सफल भएको जानकारी दिए।

फर्स्यौट भएका मुद्दा देवयानीतर्फ अंशवण्डा, माना चामल, सम्वन्ध विच्छेदलगायतका छन् भने फौजदारीतर्फ लागूऔषध, चोरी, डकैती, जर्बजस्ती करणी, ज्यान मार्ने उद्योग, किर्ते जालसाजी, बैङ्किङ कसुरलगायत रहेका छन्।

न्यायाधीस ज्ञवालीका अनुसार असार मसान्तसम्म १८ महिना पूरा गरेका १५ वटा मुद्दा मात्र फछ्र्योट हुन बाँकी रहेका छन्। ती मुद्दा पनि साउनभित्रै टुङ्गो लगाउने लक्ष्य रहेको उनले बताए। अदालतका अनुसार गत आर्थिक वर्षबाट जिम्मेवारी सरेका ६४२ र नयाँ दर्ता भएका एक हजार ५२१ गरी कुल दुई हजार १६३ मुद्दा लगतमा रहेका थिए। तीमध्ये एक हजार ३५४ मुद्दा फछ्र्योट हुँदा ८०९ मुद्दा चालु अवस्थामा रहेका छन्।


बार्षिक कार्ययोजना अनुसार अदालतले दुई हजार ४९० मुद्दाको लगत रहने अनुमान गर्दै एक हजार ७४३ मुद्दा फछ्र्योट गर्ने लक्ष्य राखेको थियो। सोही आधारमा लक्ष्यअनुसार ७७ दशमलव ७ प्रतिशत उपलब्धि हाँसिल भएको छ।

विगत तीन आर्थिक वर्षको तथ्याङ्कले भने फछ्र्योट दरमा केही गिरावट देखाएको छ। आर्थिक वर्ष २०८० /०८१ मा ७१ दशमलव ४१ प्रतिशत र २०८१/०८२ मा ७५दशमलव ७४ प्रतिशत फछ्र्योट भएको थियो भने आर्थिक वर्ष २०८२ /०८३मा यो दर ६२ दशमलव ६० प्रतिशतमा झरेको छ। भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा अदालतमा आगजनी गरिएपछि चार महिना मुद्दा सुनुवाई रोकिएका कारण फछ्र्यौट दर घटेको न्यायाधीश ज्ञवालीको भनाई छ।

अदालतले जलेका मिसिलको प्राप्ति तथा प्रमाणीकरणकार्य पनि शतप्रतिशत सम्पन्न गरेको जनाएको छ। आर्थिक वर्षभर ७५३ वटा जलेका मिसिलको प्राप्ति र प्रमाणीकरण गरिएको उनले जानकारी दिए। बाँके र बर्दिया जिल्ला अदालतमा आर्थिक वर्ष २०८२/०८३ मा दर्ता तथा जिम्मेवारी सरेका मुद्दामध्ये बाँकेमा दुई हजार ७३३ र बर्दियामा एक हजार ३१२ मुद्दा फछ्र्योट भएका छन्।

बाँके जिल्ला अदालतमा कुल सात हजार ४७ वटा मुद्दामध्ये दुई हजार ७३३ मुद्दा फछ्र्योट भएको छ भने चार हजार ३१४ मुद्दा अझै विचाराधीन रहेका छन्। यसअनुसार बाँके जिल्ला अदालतको फछ्र्योट दर करिब ३८ दशमल ८ प्रतिशत रहेको छ।

## घुयँत्रो



देश एमालेको सेटिङमा कसरी जकडिएकोछ रैछभन्ने कुरा एमाले उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री विष्णु पौडेललाई शुक्रबार मात्रै विशेष अदालतले विना धरौटि साधारण तारेखमा छोडेपछि प्रष्टै देख्न पाईयो। सरकार बालेनकै भएनि न्यायालय र प्रशासनिक क्षेत्रमा एमालेको जालो कसरी जकडिएर बसेको रहेछ भन्ने जनता र सरकार दुबैले प्रष्ट देखे।। अख्तियारले २० करोडको विगो मागेको पौडेललाई बिना धरौटि विशेष अदालतका ३ वटा न्यायाधीशको आदेशमा छोडिएपछि ऐले नागरिक बृतमा अदालतप्रति ठूलो वितृष्णा फैलिएकोछ। त्यै देश त्यै कानुन विगतमा रबि लामिछानेलाई लाखौं रुपैयाँ लियर धरौटिमा छोडने तर तिनै कानुनको आधारमा एमाले नेताहरुलाई बिना धरौटि साधारण तारेखमा छोडने कुराले अदालतमाथि जनताले प्रश्न गर्न थालेका हुन भने अर्कोतिर २०/२० करोडको विगो मागदावि गरिएको मुद्दामा कतै अख्तियारले नै बलिया सबुत प्रमाणहरु नराखेर अदालतले भनेजस्तै सामान्यरुपमा मिसिलको पाना भर्ने काम मात्रै अख्तियारले गरेको पनि हुन सक्ने आशंका अख्तियार माथि पनि गरिएकोछ। किनभने अख्तियार प्रमुख भनेका वलिले नियुक्त गरेका मान्छे हुन र उनी एमालेका अत्यन्त निकटका मान्छे भएकाले नै राईलाई भष्टाचारको केश लाग्ने र उनी पनि भष्टाचारमा मुछिने देख्दा देख्दै वलिले प्रेमकुमार राईलाई प्रमुख आयुक्त बनाएर अख्तियारमा लगेका हुन। त्यसैले पनि राईलाई हरेक मान्छेले एमालेकै र वलिकै मान्छे भनेर व्याख्या गर्ने गर्दछन। राईले अख्तियारमा यति बलियो जरा गाडेका छन कि जसलाई चुटाल्न न त मै हुँ भन्ने जेनजीको पैलो सरकार सुशिला कार्किले सकिन नत दोश्रो सरकार बालेन स्वयं लाग्दा समेत केही गर्न सके। उल्टै गृहमन्त्री र प्रधानमन्त्री समेत पङ्गु बन्नु पर्यो। त्यसैले सानोतिनो जोड बलले हिजोका भष्टाचारीहरुले त्यो ठाउँ छोडलान भन्ने जस्तो कल्पना नगरेनि हुन्छ। सबै ठाउँमा भष्टाचार गरेर भ्याएर अब म कुनै दिन भष्टाचारको केशमा पर्न सक्छु भन्ने लागेमा मानिसहरु अख्तियारमा जागिर सरुवा गराउनतिर लाग्छन। सवुत प्रमाण र आधार हरुलाई सजिलै मेटाउन र खडा गर्न सक्ने एकसे एक खराँटहरुको थलो अख्तियारमा कस्लाईलफसाउने र कसलाई उकास्ने भन्ने फर्मुला त्यसै पनि हुन्छन भने आजसम्म मन्त्री भएर कमाएको पैशा विष्णु पौडेलले साधारण तारिखमा निस्किन सदुपयोग गर्यानि हुन सक्छ। " सोझो औंलाले त घ्यु पनि आउन्न" भनेर उखान हाल्ने हाम्रो जस्तो भष्टाचारी मुलुकाँ मान्छे उम्किनु र फस्नुमा कुनै अनौठो हुँदैन किन भने यसमा भूमिका पैशैले खेल्छ। नैतिकता र ईमानदारीतालाई सडकमा राखेर शेलको भाउमा बेच्ने नेपाल जस्तो मुलुकमा न्याय पर्यो कि परेन भन्ने कुराले खासै अर्थ राख्दैन। न्यान दिने मान्छे नै पक्ष विपक्षहरु कुन दलका हुन भनेर जब उनिहरुको दल खोज्न थालिन्छ अनि त्यस्तो ठाउँमा न्याय पाईन्छ भन्ने कुरामा कसले विश्वास गर्दछ। यसकारण पनि नत वलि अदालतबाट रिहा हुँदा जनताले आश्चर्य माने नत विष्णु पौडेल बिना धरौटि थुना मुक्त हुँदा आश्चर्य मानेका छन। बरु आश्चर्य त यश मानेमा लागेको छकि हामी अब देश र जनतालाई न्याय दिलाउँछम , भष्टाचारको अन्त्य गर्छम् भनेर आएको बालेन सरकानै नै पुरानो जालोलाई तोडन नसकेर एमालेको प्रशासन र न्यायालयको जालोमा फन्फनि घुमेको देख्दा जनता पनि अब बालेन सरकार सित अघाँउँदै गएको जस्तो लाग्न थालेकोछ।

# मन्त्री लम्सालद्वारा कर्णालीको सडक पूर्वाधारको अनुगमन

**युग संवाददाता**
**सुर्खेत, २ साउन ।**

कर्णालीको सडक पूर्वाधारको अवस्था अनुगमन तथा निरीक्षण गर्न पूर्वाधार विकासमन्त्री सुनिल लम्साल कालीकोट पुगेका छन्। सडकको अवस्थाबारे सडक डिभिजन कार्यालय सुर्खेतका प्रमुखसहित कर्मचारीसँग संक्षिप्त जानकारी लिएलगत्तै मन्त्री लम्साल कर्णाली राजमार्ग दैलेख हुँदै कालिकोट पुगेको प्रतिनिधिसभा सांसद रमेशकुमार सापकोटाले जानकारी दिए।

उनका अनुसार मन्त्री लम्सालले भोलि शनिबार कालिकोट-नाग्म-गमगढी सडक र आइतबार खुलालु-कोल्टी-सिमकोट सडक हुँदै बाजुराको कोल्टी प्रस्थान गरी सडक अनुगमन तथा निरीक्षण गर्ने कार्यतालिका रहेको छ।

ती सडकको निरीक्षण सके लगत्तै उनी नेपाल-चीन सीमानाका हिल्सा र हुम्लाको सिमकोटसम्मको सडक सञ्जालको निरीक्षणमा पुग्ने सांसद सापकोटाले बताए। स्थलगत अनुगमन तथा निरीक्षणको यात्रामा हिडेको मन्त्री लम्सालले जनताको दुःख जनताकै क्षेत्रमा आएर सुन्ने र त्यही मुताबिक योजना बनाएर सरकार अगाडि बढ्ने लक्ष्यका साथ कर्णाली आएको बताइएको छ।

कर्णालीका छ र सुदूरपश्चिमको बाजुरा जिल्लाको सडक पूर्वाधारलाई सुरक्षित बनाउन नयाँ आर्थिक वर्षको पहिलो दिनमै मन्त्री आफैं राजमार्ग र सडक सञ्जालको अवस्था बुझ्न स्थलगत रुपमै निस्किनुले जनतामा सकरात्मक सन्देश प्रवाह भएको छ।

### माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८३ असार ३१ गते एयरपोर्टदेखी वीरेन्द्रनगर–६, बुद्धपथ जानेक्रममा त्रिभूवन विश्वविद्यालयबाट जारी माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, वडा कार्यालयमा बुझाईदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**तपशिल :**
**नाम :** दीपक कुमार बुढाक्षेत्री
**ठेगाना :** वीरेन्द्रनगर–१२, सुर्खेत
**सम्पर्क नं. :**९८५८०५२८१०
त्रिभुवन विश्वविद्यालयबाट जारी माइग्रेसन सर्टिफिकेट

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६५।०५।२६ मा दर्ता भएको प्रा. लि.न. ५६१०२ को **रुपा भ्यू ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०१।१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.–११, NTV रोड, बाँके)



हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।